निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
# जिल्ला निर्वाचन कार्यालय
मन्थली, रामेछाप

पत्र सङ्ख्या : ०७९/८०
चलानी नम्बर : ३९

मिति: २०७९।०५।२३

श्री जिल्ला समन्वय समितिको कार्यालय मन्थली रामेछाप
श्री रामेछाप जिल्ला स्थानीय तह सबै

## विषयः सूचना टाँसगरि जानकारी पठाइदिनुहुन ।

प्रस्तुत विषयमा निर्वाचन अयोग नेपालको राजनीतिक दल व्यवस्थापन महाशाखाबाट प.सं. / च.नं. २०७९/८०/ १२६ मिति २०७९/०५/२२ को पत्र अनुसार आयोगको कानुन बमोजिम निर्वाचन समापन भइ अन्तिम मतपरिणाम आएको मितिले ३० दिन भित्र निर्वाचन खर्च बुझाउनु पर्नेमा समय सिमाभित्र नबुझाउनु भएका नगर तथा गाँउ कार्यरपालिका सदस्य र समन्वय समितिका सदस्यहरुले ७ दिन भित्र जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भई स्पष्टिकरण दिनुहुन र समय अवधिभित्र खर्च विवरण बुझाउनुभएका नगर/गाँउ कार्यापालिका सदस्य हरुले ७ दिन भित्रनै आफ्नो स्थानीय तहमा र समन्वय समितिका उम्मेदवारले जिल्ला समन्वय समितिमा खर्चको विवरण सार्वजनिक गर्नुहुन भनि मिति २०७९/०५/२३ गते गोरखा पत्रमा प्रकाशित भए बमोजिम गर्नुहुन अनुरोध छ । उक्त प्रकाशित सूचना र समयसिमाभित्र खर्च विवरण बुझाउने र नबुझाउने उम्मेदवारको नाम नामेशी सहितको विवरण यसै पत्र साथ पठाइएको छ उक्त विवरण आफ्नो कार्यालयको वेवसाइट, फेसबुक र सूचना पाटीमा प्रकाशन गरि सोको रितपुर्वक मुचुल्का गरी यस कार्यालयमा पठाइदिनुहुन अनुरोध छ ।

(मधुकर कुमार साह)
जिल्ला निर्वाचन अधिकारी

बोधार्थ
श्री निर्वाचन आयोग, नेपाल
कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखा
कान्तिपथ, काठमाण्डौं ।

मन्थली, रामेछाप फोन/फ्याक्स नं. ०४८-५४०१४६ Email:- deo.ramechhap18@gmail.com

प्रयाप्त वर्षा नहुँदा ८५ प्रतिशत खेतबारीमा रोपाइँ नगरिएको तथा १५ प्रतिशत गरिएको रोपाइँ पनि सुकेर नष्ट भएपछि स्थानीय सरकारले गत साउन

तथा राहत वितरणका व्यवस्थाका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको समितिले जनाएको छ।

राष्ट्रिय दैनिक गोरखापत्र

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विस्तृत विवरण परिषद् परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट ...
कार्यालयको वेबसाइट **ctevtkarnali.org.np** मा हेर्नुहुन अनुरोध छ।

**निर्देशक**

राष्ट्रिय दैनिक गोरखापत्र

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत रामेछाप जिल्लाको कार्यपालिका सदस्यमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| प्रदेश | जिल्ला | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | महिला सदस्य | शान्ती तामाङ्ग | 09222697 | महिला | 45 | नेपाली काँग्रेस | निर्विरोध | समयमा पेश |
| बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | महिला सदस्य | लक्ष्मी नेपली | 24538726 | महिला | 29 | नेपाली काँग्रेस | निर्विरोध | समयमा पेश |
| बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | महिला सदस्य | सविना मोक्तान | 18851750 | महिला | 22 | नेपाली काँग्रेस | निर्विरोध | समयमा पेश |
| बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | महिला सदस्य | यम कुमारी मगर | 22938329 | महिला | 23 | नेपाली काँग्रेस | निर्विरोध | समयमा पेश |
| बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | महिला सदस्य | सर्मिला वि क | 23537307 | महिला | 22 | नेपाली काँग्रेस | निर्विरोध | समयमा पेश |
| बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | रुकुम हायू | 09287082 | पुरुष | 40 | नेपाली काँग्रेस | निर्विरोध | समयमा पेश |
| बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | राम बहादुर माझी | 23537860 | पुरुष | 39 | नेपाली काँग्रेस | निर्विरोध | समयमा पेश |
| बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | रमेश कामी | 21059941 | पुरुष | 27 | नेपाली काँग्रेस | निर्विरोध | समयमा पेश |